# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १५ गते २०४० साल

### निर्वाचन आयोगको

### सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को प्रयोजनको लागि दुई सदस्यीय निर्वाचनक्षेत्र चितवनबाट निर्वाचित राष्ट्रिय पञ्चायतको सदस्यमध्ये रिक्त सदस्यपद एक पूर्ति गर्न उपनिर्वाचन हुने भएकोले निर्वाचनमा मतदाता हुनाको निमित्त निर्वाचन आयोगले चितवन जिल्ला निर्वाचन-क्षेत्रमा आफ्नो स्थायी घरबास भएको वा सो क्षेत्रमा २०४० साल फागुन मसान्त-सम्ममा एक वर्ष बसोबास गरेको हुनुपर्ने र २०४० साल फागुन मसान्तसम्ममा २१ वर्ष उमेर पूरा भएको हुनुपर्ने गरी तोकेको छ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निर्वाचन आयोगको

## सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ६ को प्रयोजनको लागि दुई सदस्यीय निर्वाचनक्षेत्र चितवनबाट निर्वाचित राष्ट्रिय पञ्चायत सदस्यमध्ये रिक्त सदस्य पद एक पूर्ति गर्न उपनिर्वाचन हुने भएकोले उम्मेदवार हुनको निमित्त निर्वाचन आयोगले २०४० साल फागुन मसान्तसम्ममा २५ वर्ष उमेर पूरा गरेको हुनुपर्ने गरी तोकेको छ ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

## निर्वाचन आयोगको

## सूचना

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ८ को उपदफा (३) को प्रयोजनको लागि दुई सदस्यीय निर्वाचनक्षेत्र चितवनबाट निर्वाचित राष्ट्रिय पञ्चायतको रिक्त सदस्यपद एक पूर्ति गर्न देहायबमोजिम तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. निर्वाचनक्षेत्रको नामः– चितवन जिल्ला ।

२. मतदान केन्द्रको स्थानः– निर्वाचन आयोगबाट अधिकार प्रत्यायोजन भएबमोजिम चितवन जिल्लाको प्रत्येक नगर, गाउँ पञ्चायतमा निर्वाचन अधिकृतले तोकेबमोजिम ।

३. निर्वाचन हुने मिति र समयः–२०४१ बैशाख २७ गते बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।